आठविसकोट नगरपालिकाको २७ औं बैठक मिति २०७५/०८/०९ गते का दिन आठविसकोट नगरपालिकाको नगर सभा हलमा नगर प्रमुख श्री गोर्खबहादुर के.सी. को अध्यक्षता र तपसिलका सदस्यहरुको उपस्थितिमा बस्यो । उक्त बैठकमा तपसिलमा उल्लेखित प्रस्तावहरु निर्णयार्थ पेश गरियो ।

| क्र.स | पदाधिकारीहरुको विवरण | | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|---|
| | नाम, थर | ठेगाना | | २०७५/०८/०९ | |
| १ | गोर्ख बहादुर के.सी. | आठविसकोट-१० | नगर प्रमुख | | |
| २ | गीता नेपाली | आठविसकोट-११ | नगर उपप्रमुख | | |
| ३ | रामबहादुर के.सी. | चौरजहारी नपा-१२ | नि.प्रमुख प्रशासकीय अधिकृत | | |
| ४ | देवबहादुर घर्ती | आठविसकोट-१ | वडा अध्यक्ष | | |
| ५ | देवबहादुर यरी | आठविसकोट-२ | वडा अध्यक्ष | | |
| ६ | केशरमान वि.क. | आठविसकोट-३ | वडा अध्यक्ष | | |
| ७ | बाबुराम विष्ट | आठविसकोट-४ | वडा अध्यक्ष | | |
| ८ | प्रजिते कामी | आठविसकोट-५ | वडा अध्यक्ष | | |
| ९ | डिल बहादुर सार्की | आठविसकोट-६ | वडा अध्यक्ष | | |
| १० | नवराज बुढा | आठविसकोट-७ | वडा अध्यक्ष | | |
| ११ | मनबहादुर चदारा | आठविसकोट-८ | वडा अध्यक्ष | | |
| १२ | तारक बहादुर शाही | आठविसकोट-९ | वडा अध्यक्ष | | |
| १३ | गंगाराम चनारा | आठविसकोट-१० | वडा अध्यक्ष | | |
| १४ | हस्ते आग्री | आठविसकोट-११ | वडा अध्यक्ष | | |
| १५ | खुम्मे कुसारी | आठविसकोट-१२ | वडा अध्यक्ष | | |
| १६ | विनोद पुन | आठविसकोट-१३ | वडा अध्यक्ष | | |
| १७ | हुकुम बहादुर पुन | आठविसकोट-१४ | वडा अध्यक्ष | | |
| १८ | कल्पना खड्का | आठविसकोट-१४ | कार्यपालिका सदस्य | | |
| १९ | सिता शाह | आठविसकोट-१० | कार्यपालिका सदस्य | | |
| २० | प्रभा मल्ल वि.क. | आठविसकोट-४ | कार्यपालिका सदस्य | | |
| २१ | प्रेङका यरी | आठविसकोट-२ | कार्यपालिका सदस्य | | |
| २२ | आशिराम विश्वकर्मा | आठविसकोट-१३ | कार्यपालिका सदस्य | | |
| २३ | गोरख बहादुर कामी | आठविसकोट-११ | कार्यपालिका सदस्य | | |
| २४ | धन्नामे दमाई | आठविसकोट-३ | कार्यपालिका सदस्य | | |
| २५ | मनकली कामी | आठविसकोट-११ | कार्यपालिका सदस्य | | |
| २६ | गणेश चन्द | चौरजहारी नपा-१४ | सूचना प्रविधि अधिकृत | | |
| २७ | जयबहादुर बुढा | आठविसकोट-२ | प्रशिक्षक | | |
| २८ | ज्ञानु आचार्य | चौरजहारी नपा-७ | प्रशासन सहायक | | |
| २९ | तस्विर परियार | आठविसकोट-१४ | कार्यालय सहयोगी | | |
| | | | | | |
| | | | | | |

| प्रस्तावहरु | | |
|---|---|---|
| क्र.स. | प्रस्तावको नाम | कैफियत |
| १ | *अपाङ्गता भएका व्यक्तिको परिचय-पत्र वितरण कार्यविधी, २०७५ सम्बन्धमा* | |
| २ | ***आठविसकोट नगरपालिका औद्योगिक व्यवसाय विधेयक, २०७५ सम्बन्धमा*** | |
| ३ | *आठविसकोट नगरपालिका संस्था दर्ता नियमावली, २०७५ सम्बन्धमा* | |
| ४ | ***आठविसकोट नगरपालिका संस्था दर्ता विधेयक, २०७५ सम्बन्धमा*** | |
| ५ | *आठविसकोट नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७५ सम्बन्धमा* | |
| ६ | साझेदारी नीति, २०७५ स्वीकृत गर्ने सम्बन्धमा | मिति २०७५।०७।१७ मा छलफलको लागि स्वीकृत भएको |
| ७ | विपद् व्यवस्थापन कोष (सञ्चालन) कार्यविधि, २०७५ स्वीकृत गर्ने सम्बन्धमा | मिति २०७५।०७।१७ मा छलफलको लागि स्वीकृत भएको |
| ८ | आठविसकोट नगरपालिका आपतकालीन कार्यसञ्चालन विधि, २०७५ स्वीकृत गर्ने सम्बन्धमा | मिति २०७५।०७।१७ मा छलफलको लागि स्वीकृत भएको |
| ९ | आठविसकोट नगरपालिका मेलमिलाप कार्यसञ्चालन कार्यविधि, २०७५ स्वीकृत गर्ने सम्बन्धमा | मिति २०७५।०७।१७ मा छलफलको लागि स्वीकृत भएको |
| १० | गैरसरकारी संस्था समन्वय, परिचालन तथा अनुगमन सम्बन्धी निर्देशिका, २०७५ स्वीकृत गर्ने सम्बन्धमा | मिति २०७५।०७।१७ मा छलफलको लागि स्वीकृत भएको |
| ११ | स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समिति कार्यविधि, २०७५ सम्बन्धमा | मिति २०७५।०७।१७ मा छलफलको लागि स्वीकृत भएको |
| १२ | बालमैत्री आचार संहिता, २०७५ स्वीकृत गर्ने सम्बन्धमा | मिति २०७५।०७।१७ मा छलफलको लागि स्वीकृत भएको |
| १३ | फोहोरमैला व्यवस्थापन नियमावली, २०७५ स्वीकृत गर्ने सम्बन्धमा | मिति २०७५।०७।१७ मा छलफलको लागि स्वीकृत भएको |
| १४ | कार्यक्रम तथा योजना सञ्चालन, कार्यान्वयन र फरफारक कार्यविधि, २०७५ स्वीकृत गर्ने सम्बन्धमा | मिति २०७५।०७।१७ मा छलफलको लागि स्वीकृत भएको |
| १५ | तालिम व्यवस्थापन तथा संचालन कार्यविधि, २०७५ स्वीकृत गर्ने सम्बन्धमा | मिति २०७५।०७।१७ मा छलफलको लागि स्वीकृत भएको |
| १६ | आठविसकोट नगरपालिका टोल विकास संस्था सञ्चालन कार्यविधि, २०७५ स्वीकृत गर्ने सम्बन्धमा | मिति २०७५।०७।१७ मा छलफलको लागि स्वीकृत भएको |
| १७ | खर्चको मापदण्ड तथा कार्यविधि, २०७५ स्वीकृत गर्ने सम्बन्धमा | मिति २०७५।०७।१७ मा छलफलको लागि स्वीकृत भएको |
| १८ | आठविसकोट नगरपालिका भवन निर्माण सम्बन्धी कार्यविधि, २०७५ स्वीकृत गर्ने सम्बन्धमा | मिति २०७५।०७।१७ मा छलफलको लागि स्वीकृत भएको |
| १९ | धार्मिक तथा सांस्कृतिक क्षेत्र विकास समिति गठन तथा सञ्चालन निर्देशिका, २०७५ स्वीकृत गर्ने सम्बन्धमा | मिति २०७५।०७।१७ मा छलफलको लागि स्वीकृत भएको |
| २० | नेत्रचोकबाट इलाका प्रहरी कार्यालय हुँदै पुलतिर जाने बाटोमा बाँकी रहेका संरचना हटाउने एवम् ढल निर्माण कार्यलाई पूर्णता दिने एवम् वडा नं. ११ स्थित चिसापानीदेखि सिमबजारसम्मको सडक मापदण्ड अनुसार फराकिलो बनाउने सम्बन्धमा | |
| २१ | नगरपालिका तथा विभिन्न सार्वजनिक निकायको नाममा जग्गा प्राप्ति गर्ने सम्बन्धमा | |

| | | |
|---|---|---|
| २२ | नेत्रचोकस्थित नगर अस्पताल अगाडी मन्दिरसँग जोडिएको मन्दिर बाहेकको सार्वजनिक जग्गामा सार्वजनिक शौचालय निर्माण गर्ने सम्बन्धमा | |
| २३ | सरकारी कार्यालय विद्यालय अस्पताल लगायतका सरकारी तथा सार्वजनिक संस्थाको ५०० मिटर वरीपरी मदिराजन्य पदार्थ बेचविखन गर्ने एवम् विना इजाजत मदिराको कारोवार गर्ने व्यक्ति वा फर्महरुलाई आठविसकोट नगरपालिका मदिरा नियन्त्रण निर्देशिका, २०७५ मा भएको प्रावधान अनुरुप कारवाहीको दायरामा ल्याउन मदिरा नियन्त्रण अभियान सञ्चालन सम्बन्धमा | |
| २४ | व्यवसाय दर्ता तथा व्यवसाय कर, वहाल कर लगायतका कर तथा कार्यहरु वडा कार्यालय मार्फत प्रभावकारी ढङ्गले संकलन नभएको कारण महत्वपूर्ण बजार क्षेत्रमा रहेका व्यवसायीहरुबाट नगर प्रहरी मार्फत व्यवसाय कर, वहाल कर फोहरमैला व्यवस्थापन शुल्क लगायतका करहरु संकलन गर्ने तथा गराउने सम्बन्धमा | |
| २५ | फोहरमैला व्यवस्थापनको लागि वडा नं ९ स्थित ठूलीभेरी नदी र गिजागाड खोलास्थित त्रिवेणी दोभानमा बन्न लागेको ल्यान्डफिल्ड साइटमा सडकको पहुँच विस्तार गर्न हाल नगरपालिकाको कार्यालय रहेको स्थानबाट निर्माणको क्रममा रहेको ल्यान्डफिल्ड साइटसम्म ट्र्याक खोल्ने सम्बन्धमा | |
| २६ | विविध सम्बन्धमा | |

निर्णयहरु

**निर्णय नं. १**

अपाङ्गता भएका व्यक्तिहरुको परिचयपत्र वितरण सम्बन्धी कार्यविधि, २०७५ सर्वसहमतिबाट पारित गरियो ।

**निर्णय नं. २**

आठविसकोट नगरपालिका औद्योगिक व्यवसाय विधेयक २०७५ आवश्यक छलफल गरी आगामी नगरसभामा पेश गर्ने सर्वसहमतिबाट निर्णय गरियो ।

**निर्णय नं. ३**

आठविसकोट नगरपालिका संस्था दर्ता नियमावली २०७५ सर्वसहमतिबाट पारित गरियो ।

**निर्णय नं. ४**

आठविसकोट नगरपालिका संस्था दर्ता विधेयक २०७५ आवश्यक छलफल गरी आगामी नगरसभामा पेश गर्ने सर्वसहमतिबाट निर्णय गरियो ।

**निर्णय नं. ५**

आठविसकोट नगरपालिका सार्वजनिक खरिद नियमावली २०७५ सर्वसहमतिबाट पारित गरियो ।

**निर्णय नं. ६**

साझेदारी नीति, २०७५ सर्वसहमतिबाट पारित गरियो ।

**निर्णय नं. ७**

विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०७५ सर्वसहमतिबाट पारित गरियो ।

**निर्णय नं. ८**

प्रस्ताव नं. ७ मा व्यापक छलफल गर्दा आठविसकोट नगरपालिका आपतकालिन कार्यसञ्चालन विधि, २०७५ छलफलको लागि स्वीकृत गरियो ।

**निर्णय नं. ९**

आठविसकोट नगरपालिका मेलमिलाप कार्यसञ्चालन कार्यविधि, २०७५ सर्वसहमतिबाट पारित गरियो ।

**निर्णय नं. १०**

गैरसरकारी संस्था समन्वय, परिचालन तथा अनुमगन सम्बन्धि निर्देशीका, २०७५ सर्वसहमतिबाट स्वीकृत गरियो ।

**निर्णय नं. ११**

स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति कार्यविधि, २०७५ सर्वसहमतिबाट स्वीकृत गरियो ।

निर्णय नं. १२

बालमैत्री आचारसंहिता, २०७५ सर्वसहमतिबाट स्वीकृत गरियो ।

निर्णय नं. १३

फोहोरमैला व्यवस्थापन नियमावली, २०७५ सर्वसहमतिबाट स्वीकृत गरियो ।

निर्णय नं. १४

कार्यक्रम तथा योजना सञ्चालन कार्यान्वयन र फरफारक सम्बन्धी कार्यविधि, २०७५ सर्वसहमतिबाट स्वीकृत गरियो ।

निर्णय नं. १५

तालिम व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७५ सर्वसहमतिबाट स्वीकृत गरियो ।

निर्णय नं. १६

आठविसकोट नगरपालिकाटोल विकास संस्था सञ्चालन कार्यविधि, २०७५ सर्वसहमतिबाट स्वीकृत गरियो ।

निर्णय नं. १७

खर्चको मापदण्ड तथा कार्यविधि, २०७५ सर्वसहमतिबाट स्वीकृत गरियो ।

निर्णय नं. १८

आठविसकोट नगरपालिका भवन निर्माण सम्बन्धी कार्यविधि, २०७५ सर्वसहमतिबाट स्वीकृत गरियो ।

निर्णय नं. १९

धार्मिक तथा साँस्कृतिक क्षेत्र विकास समिति गठन तथा सञ्चालन निर्देशिका, २०७५ सर्वसहमतिबाट स्वीकृत गरियो ।

निर्णय नं. २०

नगरसभाबाट स्वीकृत वार्षिक विकास कार्यक्रम अनुसार संघ तथा प्रदेश सरकारबाट समपूरक एवम् विशेष अनुदान प्राप्त गर्ने भनि उल्लेख भएका योजना तथा कार्यक्रमहरुमा संघीय सरकार एवम् प्रदेश सरकारबाट स्वीकृत मापदण्ड र कार्यविधि अनुसार समपूरक र विशेष अनुदान प्राप्त गर्न संघीय सरकार र प्रदेश सरकारमा आवश्यक कागजातसहित पेश गर्ने निर्णय गरियो । साथै समपूरक र विशेष अनुदान प्राप्त गर्ने प्रयोजनार्थ नगर प्रमुख, प्रमुख प्रशासकीय र प्राविधिक

समेतलाई संघीय सरकार र प्रदेश सरकारका सम्बन्धित मन्त्रालयमा आवश्यक कार्यको लागि खटाउने निर्णय गरियो ।

निर्णय नं. २१

आर्थिक वर्ष २०७४।०७५ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार सञ्चालित योजनाहरुको अनुगमन मूल्यांकन गरी फरफारकको प्रतिवेदन तयार गरी नगरपालिकामा सिफारिस गर्न देहाय बमोजिम फरफारक समिति गठन गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| श्रीमति गीता नेपाली | नगर उपप्रमुख | संयोजक |
| श्री रामबहादुर के.सी. | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| श्री गंगाराम चनारा | १० नं. वडा अध्यक्ष | सदस्य |
| श्री पवनकुमार यादव | प्राविधिक | सदस्य |
| श्री रत्नबहादुर परियार | खरिदार योजना तथा अनुगमन उपशाखा | सदस्य सचिव |

निर्णय नं. २२

नगरसभाबाट स्वीकृत वार्षिक विकास कार्यक्रममा संशोधन वा हेरफेर गर्न वडास्तरिय योजनाको हकमा सम्बन्धित वडा समितिबाट र नगरपालिकास्तरिय योजनाको हकमा योजना तथा अनुगमन उपशाखा मार्फत आवश्यक स्पष्ट योजना तथा कार्यक्रमको संशोधन वा हेरफेरको निर्णय गरी नगर कार्यपालिकामा निर्णयार्थ पेश गर्ने निर्णय गरियो ।

तर योजना तथा कार्यक्रम संशोधनको प्रस्ताव पेश गर्दा पुँजीगत खर्च शिर्षकबाट चालू खर्च शीर्षकमा शीर्षकान्तर वा रकमान्तर गर्न सकिने छैन् ।

निर्णय नं. २३

नगरपालिकाभित्र रहेका थप सडक तथा उही प्रकृतिका भौतिक संरचनाहरुको सर्वे, डिजाइन, लागत अनुमान सहितको विस्तृत विवरण तयार गर्न यस अघि तोकिएको मापदण्ड र कानून अनुसार छनौट भएका परामर्शदाताहरुलाई सम्झौतामा उल्लेख भएको दर अनुसार सम्झौता गरी विस्तृत परियोजना प्रतिवेदन तयार पार्ने कार्य गर्ने निर्णय गरियो । साथै वातावरणीय प्रभाव मूल्यांकन वा प्रारम्भिक वातावरणीय प्रभाव मूल्यांकन गर्नुपर्ने योजना वा परियोजनाहरुको हकमा यस अघि नै छनौट गरिएका परामर्शदाताहरुसँग मापदण्ड अनुसारको दरमा सम्झौता गरी कार्यान्वयन गर्ने तथा गराउने निर्णय गरियो ।

निर्णय नं. २४

नेत्रचोकबाट इलाका प्रहरी कार्यालय हुँदै पुलतिर जाने बाटोमा बाँकी रहेका संरचना हटाउने एवम् ढल निर्माण कार्यलाई पूर्णता दिने निर्णय गरियो । साथै वडा नं. ११ स्थित चिसापानीदेखि

सिमबजारसम्मको सडक मापदण्ड अनुसार फराकिलो बनाउने निर्णय गरियो । सो कार्यको लागि नगर विकास समितिलाई आवश्यक जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं. २५**

नेत्रचोकस्थित नगर अस्पताल अगाडी मन्दिरसँग जोडिएको मन्दिर बाहेकको सार्वजनिक जग्गामा वा अन्य उपयुक्त स्थानमा आवश्यक छलफल र अध्ययन गरी सार्वजनिक शौचालय निर्माण गर्ने र सो कार्यका लागि नगर विकास समितिलाई जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं. २६**

सरकारी कार्यालय, विद्यालय, अस्पताल लगायतका सरकारी तथा सार्वजनिक संस्थाको ५०० मिटर वरीपरी मदिराजन्य पदार्थ बेचविखन गर्ने एवम् विना इजाजत मदिराको कारोवार गर्ने व्यक्ति वा फर्महरुलाई आठविसकोट नगरपालिका मदिरा नियन्त्रण निर्देशिका, २०७५ मा भएको प्रावधान अनुरुप कारवाहीको दायरामा ल्याउन वडास्तरदेखि मदिरा नियन्त्रण अभियान प्रभावकारी ढङ्गले सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २७**

व्यवसाय दर्ता तथा व्यवसाय कर, वहाल कर लगायतका कर तथा कार्यहरु वडा कार्यालय मार्फत प्रभावकारी ढङ्गले संकलन नभएको कारण महत्वपूर्ण बजार क्षेत्रमा रहेका व्यवसायीहरुबाट नगर प्रहरी मार्फत व्यवसाय कर, वहाल कर फोहरमैला व्यवस्थापन शुल्क लगायतका करहरु संकलन गर्ने तथा गराउने निर्णय गरियो ।

**निर्णय नं. २८**

फोहरमैला व्यवस्थापनको लागि वडा नं. ९ स्थित ठूलीभेरी नदी र गिजागाड खोलास्थित त्रिवेणी दोभानमा बन्न लागेको ल्यान्डफिल्ड साइटमा सडकको पहुँच विस्तार गर्न हाल नगरपालिकाको कार्यालय रहेको स्थानबाट निर्माणको क्रममा रहेको ल्यान्डफिल्ड साइटसम्म ट्र्याक खोल्ने निर्णय गरियो ।

**निर्णय नं. २९**

नगरपालिकाभित्र सञ्चालन हुने फलफूलमा आधारित उद्योग, काष्ठ उद्योग, वसपार्क, खानेपानी आयोजना जलविद्युत आयोजना सार्वजनिक यातायात लगायतका उत्पादनशिल एवम् नगरपालिकाको पहिलो प्राथमिकतामा परेका योजनाहरुमा नगर विकास कोषबाट ऋण प्राप्त गर्न प्रचलित मापदण्ड अनुसारको प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. ३०**

नगर अस्पताल व्यवस्थापन सञ्चालक समितिको उपाध्यक्ष पदमा आठबिसकोट नगरपालिका वडा नं. ९ स्थायी ठेगाना भएका भूतपूर्व शिक्षक एवम् समाजसेवी श्री शेरबहादुर ओलीलाई नियुक्त गर्ने निर्णय गरियो ।

निर्णय नं. ३१

मिति २०७५।०७।२४ गते आठबिसकोट नगरपालिका वडा नं. ३ खदिमा घटेको घटनाप्रति नगर कार्यपालिकाको गम्भीर ध्यानाकर्षण भएको छ । मादक पदार्थ सेवन गरी मनमुटाव र द्धन्दको अवस्था सिर्जना हुन लागेको अवस्थामा वडा अध्यक्षले सम्झाईबुझाई गर्न खोज्दा वडा अध्यक्षमाथि नै भएको आक्रमण खेदजनक छ । सामाजिक सद्भाव, सहिष्णुता र सार्वजनिक शिष्टचार एवम् नैतिकता प्रतिकूल हुने कार्यहरु प्रचलित कानूनहरुको पूर्ण कार्यान्वयन मार्फत नियन्त्रण गर्न एवम् सबै नागरिकको जीउ धनको सुरक्षाको प्रत्याभूति व्यवहारमा कार्यान्वन गर्न तथा गराउन सम्बन्धित सबै निकाय सजग र क्रियाशिल हुन जरुरी भएकोले सामाजिक सद्भाव, सहिष्णुता र सार्वजनिक शिष्टचार एवम् शान्ति सुरक्षाको प्रत्याभूति मार्फत समतामूलक एवम् न्यायमूलक समाजको निर्माणमा सबैलाई सचेत, जागरुक र क्रियाशिल बनाउने निर्णय गरियो ।